# के नेपाल रेडप्लस लागि तयार भइरहेछ ?
# रेडप्लस तयारी प्रक्रियाको विश्लेषण[1]

✍ दिलबहादुर खत्री[2] र नया शर्मा पौडेल

**सारांश**

यस लेखमा नेपालको रेडप्लस तयारी प्रक्रियाको सूक्ष्म रुपमा विश्लेषण गरिएको छ । यस क्रममा विशेषगरी वन तथा भू-संरक्षण मन्त्रालयले नेतृत्व गरेको आर.पि.पि. (Readiness preparation proposal-RPP) कार्यान्वयन र आर.पि.पि.को खाकाभन्दा बाहिर विभिन्न संघसंस्था मार्फत सञ्चालन भइरहेका विभिन्न क्रियाकलापको समीक्षा गरिएको छ । आर.पि.पि.को समीक्षा गर्दा योजना गरिएको समय तालिका बमोजिम क्रियाकलापहरु सञ्चालन भए-नभएको र त्यसका पछाडिका कारण केलाउन खोजिएको छ । संकलित तथ्यले आर.पि.पि. कार्यान्वयन तोकिएको समय सिमाभन्दा धेरै पछाडि रहेको देखाएको छ । आर.पि.पि. निर्माण गर्दाको समयमा (२००८-२००९) सरोकारवालाहरुबीच रेडप्लसले नेपालमा वन क्षेत्रको सुशासन र त्यसमा आधारित विपन्न व्यक्तिहरुको जीविकोपार्जनमा सुधार ल्याउने अपेक्षा राखी यस प्रक्रियामा उत्साहपुर्ण तरिकाले संलग्न भएका थिए । तर, हालका दिनमा रेडप्लस तयारी प्रक्रिया नियाल्दा आर.पि.पि. कार्यान्वयन र अन्य नीतिगत बहसमा सरोकारवालाको चासो खस्कँदै गएको देखियो । यसका पछाडि विभिन्न कारण छन् । जसमध्ये, विश्व बैंक एवं नेपाल सरकारको दोहोरो औपचारिक प्रक्रिया पुऱ्याउनु पर्नाले विभिन्न क्रियाकलाप सञ्चालन गर्न परामर्शदाता छान्दा लामो समय लाग्ने गरेको छ । यसैगरी विश्व वैंकभन्दा अन्य दातृनिकायको सहयोग गर्ने भन्दै तय गरिएका कतिपय क्रियाकलाप कसरी सञ्चालन गर्ने भन्न अन्योल यथावत छ । यसले गर्दा सरोकारवालाको क्षमता विकास, सहभागिता तथा प्रचारप्रसारसम्वन्धी क्रियाकलाप अझ कार्यान्वयन हुन सकिरहेको अवस्था छैन । रेडसेलमा दक्ष जनशक्तिको कमीले सोचेबमोजिम नेतृत्वदायी भूमिका निवाह गर्न नसकिरहेको अवस्था छ । यो ढिलाइका कारणले, रेडप्लस तयारी प्रक्रिया एवं नीतिगत बहसमा सरोकारवालाको उत्साह एवं चासो घट्दै गएको अवस्था छ । रेडप्लस तयारी प्रक्रिया खासगरी आर.पि.पि.को कार्यान्वयनमा परामर्शदाता हावी भएको अवस्था छ । जसले सरोकारवाला खासगरी स्थानीय समुदाय र नागरिक समाजको रेडप्लस प्रक्रियामा अर्थपूर्ण सहभागिता हुने कुरामा प्रश्नचिह्न खडा भएको छ । यस्ता अवस्थाले नेपालमा रेडप्लस कार्यान्वयनको प्रभावकारिता र यसले ल्याउने लाभको न्यायोचित वाँडफाँटको सुनिश्चिततामाथि प्रश्न खडा भएको छ ।

## परिचय

नेपाल सरकार, दातृ निकायका प्रतिनिधिलगायत सरोकारवाला नेपालको रेडप्लसको तयारी प्रक्रिया सोचेको भन्दा ढिला भएको कुरामा सहमत देखिन्छन् । जुन १८, २०१३ मा काठमाडौंमा आयोजना भएको रेडप्लसका सरोकारवालाको बैठकले नेपालको आर.पि.पि कार्यान्वयनमा ढिलाई भएको ठहर गऱ्यो । यसो हेर्दा उनीहरुको चासो सही पनि हो । तर, ढिला हुनुका कारणबारे सरोकारवालाका आ-आफ्नै तर्क छन् । सर्वप्रथम, सरकारभन्दा बाहिरबाट खासगरी स्थानीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले सञ्चालन गरिरहेका विविध क्रियाकलापलाई स्पष्ट नीति र संरचनाको अभावमा सरकारले नेतृत्व गरेको आर.पि.पि. कार्यान्वयनको मूल प्रवाहमा ल्याउन सकिएको छैन । रेडको राष्ट्रिय रणनीति तयार भई सोही बमोजिमको संगठनात्मक संरचनाको विकास गरेपछि मात्रै सरकारबाहिरका क्रियाकलापहरुलाई मूलप्रवाहमा ल्याउन सकिन्छ । दोस्रो, नागरिक संगठनहरुको नेपालको रेडप्लस तयारी प्रक्रियामा प्राविधिक कर्मचारीतन्त्र हावी भएको गुनासो छ । उनीहरुको

[1] फरेष्टएक्सनको बहस पत्र १२.२ मा प्रकाशीत “Is Nepal getting ready for REDD+?” शिर्षक लेखको नेपाली अनुवाद ।

[2] पत्राचारः dil@forestaction.org

विचारमा आर.पि.पि. कार्यान्वयनका सिलसिलामा गर्नुपर्ने विभिन्न अध्ययनको जिम्मा देशी-विदेशी परामर्सदातालाई लगाइएको छ। यसले नागरिक संगठन तथा स्थानीय सरोकारवालाको रेडप्लस प्रक्रियामा संलग्न हुने अवसर तथा बाटो साँघुरो बनाएको उनीहरुको ठहर छ। समग्रमा रेडप्लस संरचनाको जटिलताको पर्याप्त बुझाइको अभावले गर्दा पनि रेडप्लस तयारी प्रक्रियाको बारेमा सरोकारवाला बीच उदासिनता छाएको छ।

यसै सन्दर्भमा यस लेखमा सरकारले नेतृत्व गरिरहेको आर.पि.पि कार्यान्वयन प्रक्रिया तथा सरकारबाहिरबाट भएका विभिन्न क्रियाकलापको विश्लेषणको आधारमा नेपालको रेडप्लस तयारी प्रक्रियाको सूक्ष्म विश्लेषण गर्न खोजिएको छ। सर्वप्रथम आर.पि.पि कार्यान्वयनको समीक्षा गरी यसमा ढिलाइ हुनुका सम्भावित कारणको व्याख्या गरिएको छ। दोस्रोमा सरकारबाट भन्दा विविध क्रियाकलापले रेडको तयारी प्रक्रियामा गरेको योगदान र त्यसका कारणको विश्लेषण गरिएको छ। तेस्रोमा, रेडप्लस तयारी प्रक्रियामा भएका ढिलाइका कारणले भविष्यमा रेडप्लस कार्यान्वयनमा पार्नसक्ने असरका बारेमा छलफल गरिएको छ।


यो लेख लेखकहरुको अनुसन्धानकर्ता एवं नीति विश्लेषकको रुपमा नेपालको रेडप्लस तयारी प्रक्रियामा भएको संलग्नता, रेडप्लससँग सम्बन्धित छलफलको अवलोकन तथा रेडप्लससम्वन्धी विभिन्न परियोजनाका दस्तावेजको अध्ययनको आधारमा तयार पारिएको हो। यस लेखका लेखकहरु नेपालमा रेडको चर्चा सुरु भएदेखि नै नियमित रुपमा रेडप्लसको तयारी, अनुसन्धान एवं राष्ट्रिय नीति निर्माण प्रक्रियामा संलग्न हुँदै आउनुभएको छ। यसका अलावा वन मन्त्रालयअन्तर्गत रेडसेलको संयोजकत्वमा भएको आर.पि.पि समीक्षा टोलीका सदस्यसँगको परामर्शमार्फत पनि तथ्य उपलब्ध भएको थियो। यसका साथ साथै रेडप्लस तयारी प्रक्रियामा सक्रिय रुपमा संलग्न नागरिक संगठनका रुपमा आदिवासी जनजाति महासंघ (नेफिन) एवं सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) सँगको अन्तर्क्रियाको आधारमा पनि प्रमाण संकलन गरिएको थियो।

यस लेखलाई ६ अध्यायमा विभाजन गरिएको छ। अध्याय दुईमा नेपालको आर.पि.पि कार्यान्वयन प्रगतिको मूल्यांकन प्रस्तुत गरिएको छ। आर.पि.पि समावेश भएका प्रमुख क्रियाकलापको कार्यान्वयनको अवस्था तथा समयसीमाको आधारमा मूल्यांकन गरिएको छ। तेस्रो, अध्यायमा सरकार, दातृ निकाय, एवं अन्य सरोकारवालाको छलफल तथा उनीहरुको भनाइका आधारमा नेपालमा रेडप्लसको तयारी प्रक्रियामा ढिलाइ हुनाका कारणलाई प्रस्तुत गरिएको छ। चौथो अध्यायमा, आर.पि.पि.को संरचनाबाहिरका क्रियाकलापको विश्लेषण गरिएको छ। पाँचौं अध्यायमा आर.पि.पि. कार्यान्वयनमा भएको ढिलाइ र सरकारभन्दा वाहिर भएका क्रियाकलापको चर्चा गरिएको छ। अन्त्यमा, रेडप्लस तयारी प्रक्रिया ढिलाइ भइरहेका कारणले भविष्यमा रेडप्लस एवं कार्बन व्यापारमा हुनसक्ने प्रभावका बारेमा विस्तृत छलफल गरिएको छ।

## आर.पि.पि.कार्यान्वयनको अवस्थाः योजनामुताविक अगाडि बढ्न सकेन

सन् २००८ मा विश्व बैंकको एफ.सि.पि.एफ. अन्तर्गत नेपाल रेडप्लस प्रक्रियामा संलग्न भएको थियो। त्यसलगत्तै, वन तथा भूसंरक्षण मन्त्रालयले मार्च २००८ मा FCPF लाई आरपिन (Readiness Plan Idea Note; R-PIN ) बुझाएको थियो। विश्व बैंकले आरपिन अनुमोदन गरी त्यसै वर्ष रेड प्रस्ताव (Readiness Preparation Proposal; R-PP) तयारीका लागि सहयोग गर्ने भनेर सहमति पत्रमा हस्ताक्षर पनि गरेको थियो। नेपालमा आर.पि.पि तयारी कार्य दातृ निकाय, सरकारी निकाय तथा स्थानीय संस्था (नागरिक संगठनजस्तै फेकोफन र नेफिनलगायत) उत्साहपूर्ण संलग्नतामा २०१० मा सम्पन्न भएको थियो (रेडप्लस तयारीको समयतालिकाका लागि चित्र नं. १ हेर्नुहोस्)। वन तथा भूसंरक्षण मन्त्रालयले, रेड फरेष्ट्री तथा जलवायु परिर्वतन ईकाइ (रेडसेल) को स्थापना गरी मन्त्रालयका सचिवको नेतृत्वमा बहुसरोकारवाला रेड कार्य समूह (REDD Working Group- RWG) गठन गर्‍यो। रेड कार्य समूहले आर.पि.पि बनाउने प्रक्रियामा नेतृत्वदायी भूमिका खेल्दै रेडसेललाई सल्लाह एवं सुझाव प्रदान गरेको थियो। यसरी नेपालको आर.पि.पि. सहभागितामुलक तरिकाले तयार भयो र नेपाल सरकारले अप्रिल, २०१० मा अनुमोदन गर्दै विश्व बैंकमा पेस गर्‍यो। नेपालको आर.पि.पि.लाई विश्व बैंकले अक्टुबर २०१० मा ३.४ मिलियन अमेरिकी डलरको प्रतिवद्धताका साथ अनुमोदन गर्‍यो। एफ.सि.पि.एफ बोर्डले

नेपालको आर.पि.पि बनाउने प्रक्रियामा सरोकारवालाको सहभागितालाई प्रशंसा पनि गरेको थियो । आर.पि.पिमा प्रस्ताव गरिएको कुल ७.१ मिलियन अमेरीकी डलरमध्ये बाँकी रकम डिफिड (Department for International Development-DIFD), एस्. डि. सि. (Swiss Agency for Development and Cooperation-SDC), फिनिस सरकार, जाइका (Japan International Cooperation Agency-JICA) र अमेरिकी सहयोग नियोगले रेडप्लससँग सम्बन्धित परियोजनाको मध्यमबाट उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरेका थिए ।




**चित्र १. : नेपालमा रेडप्लस तयारी प्रक्रियाको समय तालिका**

सेप्टेम्बर २०१० मा विश्व बैंक र नेपाल सरकार को सहमतिपत्रमा हस्ताक्षर भएपश्चात औपचारिक रुपमा नेपालमा सुरुवात भएको आर.पि.पि कार्यान्वयन सन् २०१३ को अन्त्यसम्ममा सम्पन्न गरिसक्नुपर्ने थियो ।

रेडसेलले बहुसरोकारवाला वन परियोजनाको सहयोगमा आर.पि.पि कार्यान्वयनको समीक्षा गरेको थियो । तालिका नं. १ मा उक्त समीक्षाको सारांश प्रस्तुत गरिएको छ ।

**तालिका नं. १: आर.पि.पि. कार्यान्वयनको संक्षिप्त अवस्था**

| क्र. स. | उल्लेख्य प्रगति भएको | प्रगति भइरहेको तर थप कार्यको आवश्यकता | विस्तृत कार्यको आवश्यकता | अझै सुरुवात नभएको |
|---|---|---|---|---|
| १ | १क. राष्ट्रिय तयारी व्यवस्थापन संयन्त्र | | | १ख. सरोकारवालासँगको छलफल एवं सहभागिता |
| २ | | २क. भू-उपयोग, वन नीति एवं सुशासनको अध्ययन | २ग. सामाजिक एवं वातावरणीय असर<br>२घ. रेडप्लस कार्यन्वयनको संरचना | २ख.रेडको रणनैतिक विकल्प |
| ३ | | | आधार अवस्थाको विकास | |
| ४ | | ४ख. रेलको अन्य फाइदा एवं असरका लागि अनुगमन पद्वतिको विकास | ४क. कार्वन उत्सर्जन एवं कटौतीको लागि अनुगमन पद्धतिको विकास | |

*स्रोत: डाँगी २०१३ एवं आर.पि.पि समीक्षा टोलीका सदस्यसँगको अन्तर्वाता*

तालिका १ ले आर.पि.पि.का धेरैजसो क्रियाकलापमा अझै निकै काम गर्नुपर्ने देखाउँछ। आर.पि.पि. समीक्षा टोलीका एक सदस्यका अनुसार अहिलेसम्म आर.पि.पि. कार्यान्वयनको हिसाबले केवल ५०% कार्यमात्र सम्पन्न भएको छ । तालिका २ ले आर.पि.पिमा समावेश गरिएका क्रियाकलापको विस्तृत कार्यान्वयन विवरण प्रस्तुत गरेको छ ।

| आर.पि.पिका मुख्य क्रियाकलाप | योजना गरिएका प्रमुख कार्य | हालसम्मको प्रगति विवरण |
|---|---|---|
| संस्थागत संरचना एवं कार्यविधि | ● संस्थागत संरचनाको स्थापना गर्ने (रेडको उच्चतम निकाय Apex body) रेड कार्य समूह, सरोकारवालाको मञ्च)<br>● नियमित बैठक | ● आर.पि.पि बनाउने प्रक्रियामा तीन तहको संरचना विकास (Apex body, रेड कार्य समूह, रेडसेल)<br>● नीति निर्माणकार्यमा सरोकारवालाको सहभागिताका लागि सरोकारवाला मञ्चको गठन |
| परामर्श, सहभागिता एवं प्रचार प्रसार सम्बन्धित कार्य | ● परामर्श कार्यशाला (८००) सार्वजनिक सुनुवाइ/लेखा परीक्षण (८३८/२४०) गोलमेच बैठक (४) विशेषज्ञ परामर्श (५५)<br>● विभिन्न तहमा तालिम (१००)<br>● रेडियो एवं टिभी कार्यक्रम, पत्र-पत्रिकामा लेख, समाचार<br>● पर्चा, पोस्टर, भित्तेपात्रो, ब्रोसर, आदि | ● आर.पि.पिमा समावेश भएका परामर्श, सरोकारवालाको सहभागिता एवं प्रचार-प्रसार सम्बन्धी क्रियाकलापहरु अझै सुरु हुन नसकेको<br>● आर.पि.पिको संरचनाबाहिर विभिन्न क्रियाकलाप सञ्चालन भएका |

| | | |
|---|---|---|
| वन फँडानी तथा विनाशका कारणको आँकलन तथा त्यसलाई कम गर्ने उपायको खोजी | ● अध्ययनहरु (५)<br>● अध्ययनका निचोडको प्रचार-प्रसार (५) | ● विभिन्न ६ वटा अध्ययन<br>o उच्च हिमाली भेगमा वन फँडानी तथा विनाशका कारण<br>o वन पैदावरको माग तथा आपूर्तिको अवस्था<br>o वन फँडानी तथा विनाशमा मिचाहा प्रजातिको असर<br>o नेपालमा रेडप्लसको परीक्षण<br>o सामुदायिक वन व्यवस्थापनमा रेडप्लसको सम्भाव्यता अध्ययन<br>o जलवायु परिवर्तन अनुकूलनमा वनको भूमिका |
| रेडप्लसका रणनीतिक विकल्प | ● विश्लेषणात्मक अध्ययन<br>● परामर्श<br>● छानिएका विकल्पको आर्थिक एवं वित्तीय सम्भाव्यता अध्ययन | ● विभिन्न अध्ययनले निश्चित भौगोलिक क्षेत्रका लागि केही रणनीतिक विकल्पहरुको प्रस्ताव |
| कार्यान्वयनको संरचना | ● अध्ययन (२)<br>● नीति बहसपत्र तयारी र प्रचार प्रसार<br>● परीक्षणवाट आएका सिकाइलाई संस्थागत गर्ने | ● परिक्षण क्रियाकलापबाट रेड कार्यन्वयनका लागि वन्ने संरचनाको लागि सिकाई |
| सामाजिक एवं वातावरणीय सुरक्षा कवच | ● सामाजिक तथा वातावरणीय असरको रणनीतिक अध्ययन | ● सेसा (SESA) अध्ययनका लागि परामर्शदाताको छनौट |
| उत्सर्जनको आधार तय | ● वन फँडानी एवं वन विनाशको आधार तय | ● आर.पि.पि.मा यसको विधिबारे संक्षिप्त जानकारी उल्लेख गरिएको<br>● विज्ञहरुको छनोट भई अध्ययनको सुरुवात भएको |
| कार्बन एवं अन्य फाइदाको अनुगमन, प्रतिवेदन र प्रमाणीकरण (MRV) | ● उत्सर्जन कटौतीको अनुगमनको पद्धति निर्माण गर्ने<br>● रेडका अन्य फाइदा तथा असरको अनुगमनको पद्धति निर्माण गर्ने | ● वन स्रोत सर्वेक्षण (FRA) परियोजनाले कार्बन मापन गर्ने तरिका र वन अनुसन्धान तथा सर्भे विभागका कर्मचारीको क्षमता विकास गर्दै रहेको ।<br>● रेड परीक्षण परियोजनाले तयार गरेको जलाधार स्तरको अनुगमन, प्रतिवेदन र प्रमाणीकरण प्रणाली (MRV) बाट सिक्न सकिने ।<br>● रेडको SES Standards (सुरक्षाकवच) हरु निर्माण अन्तिम चरणमा रहेको ।<br>● अनुगमन, प्रतिवेदन र प्रमाणीकरण अध्ययनका लागि विषय विज्ञहरुको छनोट गरी काम सुरु गरिएको |

*स्रोत: डाँगी २०१३ एवं आर.पि.पि समीक्षा समितिसँगको अन्तर्वार्ता*

तालिका २ ले आर.पि.पि. कार्यान्वयन अवस्थाको चित्रण गरेको छ । एफ.सि.पि.एफ.का लागि छुट्याइएका क्रियाकलापहरु हेर्दा केही प्रगति भएको देखिन्छ । रेडसेलले विभिन्न अध्ययनहरुका लागि देशी-विदेशी परामर्शदाता छनोट गरी काम जिम्मा लगाएको छ, जसमा उत्सर्जनको आधारस्तर विकास एवं मापन, अनुगमन, प्रतिवेदन प्रणाली विकास, सेसा (Strategic environmental and social assessment-SESA) एवं सामाजिक र वातावरणीय व्यवस्थापन योजना (Social and Environmental Management Plan-ESMP) र भूउपयोगमा आएको परिवर्तनको अर्थ राजनीतिक अध्ययन पर्दछन् । यी अध्ययन कार्यान्वयनका विभिन्न चरणमा छन् । MRV तथा उत्सर्जनको आधारस्तर निर्माणका लागि छनोट गरिएको विज्ञ टोलीले काम गरिरहेको छ र मस्यौदा प्रतिवेदन सरोकारवाला बीच ल्याउने तयारी भइरहेको देखिन्छ । तर, कतिपय महत्वपूर्ण कार्य जस्तैः सरोकारवालाहरुसँगको छलफल र प्रचार प्रसार सम्बन्धी क्रियाकलापहरु अगाडि वढ्न सकेको छैन । आर.पि.पि.को मस्यौदा समितिका सदस्य शम्भु दंगाल सम्झनुहुन्छ :

*"सरोकारवालाको सहभागिता र प्रचार प्रसार सम्बन्धी क्रियाकलापहरु सरोकारवाला, जनजाति र स्थानीय समुदायबीच रेडप्लसको अवधारणा एवं चुनौतीबारे बुझाउनका लागि सहयोगी हुने आशा गरिएको थियो । यसले गर्दा उनीहरु राष्ट्रिय रेडप्लस नीति-नर्माण प्रक्रियामा प्रभावकारी रुपमा सहभागी भई योगदान पनि पुऱ्याउन सक्दछन् भन्ने आसय आर.पि.पि.को रहेको थियो ।"*

तर सरोकारवालाको सहभागिता र प्रचार प्रसार सम्बन्धी क्रियाकलापहरु एफ.सि.पि.एफ. अन्तर्गत नभई अन्य दातृ निकायको सहयोगमा गर्ने योजना थियो । यसका लागि एस.डि.सि./ डिफिडले सहयोग गर्ने वचन दिएका थिए । यसबारे शम्भु दंगाल भन्नुहुन्छः "एफ.सि.पि.एफ. भन्दा अन्य दाताहरुले प्रदान गरेको पैसा कसरी खर्च गर्ने भन्ने आर.पि.पि. मा निश्चित गरिएको थिएन । यस्तो रकम सरकारको रातो किताब मार्फत आउने वा सिधै गैरसरकारी संस्था मार्फत कार्यक्रम वनाएर खर्च गर्ने भन्ने स्पस्ट छैन । दाताहरु सरकारी बजेटमा पैसा हाल्न तयार छन् तर सरकारसँग त्यस्ता क्रियाकलापहरु सञ्चालन गर्ने संरचना तथा जनशक्तिको अभाव छ । यस्तो अस्पस्टताका कारण अन्य क्रियाकलापहरु भन्दा अगावै लागू हुनुपर्ने महत्वपूर्ण क्रियाकलापहरु कार्यान्वयनमा आउन सकेका छैनन् ।

फेकोफनका प्रतिनिधि यस विषयमा यसो भन्छन्:

*"स्थानीय समुदाय र स्थानीयस्तरका सरोकारवालालाई रेडप्लसको अवधारणा र यस वरिपरिका चुनौतीबारे सचेत बनाउने कुरामा हामी अझै पछाडि छौं । यस्तो अवस्थामा उनीहरुको रेडप्लससम्बन्धी विभिन्न विषयमा हुने राष्ट्रिय स्तरका बहसहरु जस्तै लाभांशको बाँडफाँट, रेड कार्यान्वयनको संरचना आदिमा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित कसरी गर्न सकिन्छ ? यसले रेडप्लसको नीति निर्माण प्रक्रियामा नागरिक समाजको आवाजलाई कमजोर बनाउने निश्चित छ । "*

नेपाल सरकारले बहुसरोकारवाला वन परियोजनाको सहयोगमा आर.पि.पि. (R-PP) कार्यान्वयनको समीक्षा गरेको थियो । यसको प्रतिवेदन सार्वजनिक रुपमा उपलब्ध नभएता पनि, यस कार्यमा संलग्न विज्ञहरुले आर.पि.पि.को कार्यान्वयनमा ५०% भन्दा कम उपलब्धी हासिल गरेको बताउने गरेका छन् । उनीहरुले एफ.सि.पि.एफ. कार्यक्षेत्र भन्दा बाहिर रहेका क्रियाकलाप कार्यान्वयनमा अझै अस्पस्टता रहेको जनाएका छन् । यसले गर्दा आर.पि.पि. कार्यान्वयनमा ढिलाई हुने देखाएको छ । अर्को परिच्छेदमा आर.पि.सि. लागू हुन ढिलाइ हुनाका कारणको लेखाजोखा गरिएको छ ।

## आर.पि.पि. कार्यान्वयनमा ढिलाइ हुनुका कारण

अगाडिका खण्डमा प्रस्तुत गरिएका तथ्यले नेपालको आर.पि.पि. कार्यान्वयननिम्ति तोकिएको समयभन्दा धिमा गतिमा अगाडि वढेको प्रष्ट रुपमा चित्रण गर्दछन् । यस्तो ढिलाइका कारण पत्ता लगाउनु अनिवार्य भएको छ । सरोकारवालाले उक्त कार्यान्वयन ढिलाइ हुनुमा रेडप्लस तयारी प्रक्रियाको लागि निर्माण भएको संस्थागत संरचनालाई दोष दिएका छन् । आर.पि.पि.मा रेडसेललाई एफ.सि.पि.एफ.ले रकम प्रदान गर्ने र कार्यक्रम राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विज्ञमार्फत गराउने भन्ने प्रावधान राखिएको छ । तर, परामर्शदाता नियुक्तिका लागि नेपाल सरकार र विश्व बैंक दुवैको औपचारिक प्रक्रिया पूरा गर्नुपर्ने

हुन्छ । यस्तो दोहोरो प्रक्रियाका कारण एफ.सि.पि.एफ अन्तर्गतका क्रियाकलापहरुको विस्तृत योजना निर्माणमा प्रक्रियाले नै झण्डै एक बर्ष (अक्टोबर २०१० देखि नोभेम्बर २०११ सम्म) लियो । यसैगरी तय भएका क्रियाकलापहरु कार्यान्वयन गर्न परामर्शदाता नियुक्ति गर्ने कार्यले पनि झण्डै एक वर्ष लियो । रेडसेलमा कार्यरत एक कर्मचारीका अनुसार उत्सर्जनको आधार स्तर र अनुगमन, प्रतिवेदन र प्रमाणीकरणलगायतका केही अध्ययनका लागि परामर्शदाता नियुक्ति प्रक्रिया जुन २०१२ भएता पनि सम्झौता मार्च २०१३ मा मात्र हुन सक्यो ।

दोस्रो, आर.पि.पि. कार्यान्वयन गर्न लाग्ने ७.१ मिलियन अमेरिकी डलरमध्ये एफ.सि.पि.एफ.(FCPF), ३.४ मिलियन अमेरिकी डलरमात्र योगदान गर्न सहमत भयो । बाँकी रकम अन्य दाताले (खासगरी एस.डि.सि., डिफिड , फिनिस राजदूतावास, जाइका र अमेरिकी सहयोग नियोगले सञ्चालन गरेका फरक-फरक परियोजनामार्फत दिने प्रतिबद्धता व्यक्त गरे । नेपाल सरकारले एफ.सि.पि.एफसँगको सम्झौता बमोजिम आर.पि.पि. कार्यान्वयनको संरचना तयार गर्‍यो । तर, आर.पि.पि. कार्यान्वयन गर्न अन्य दाताले गर्ने सहयोग कसरी कार्यान्वयन हुन्छ भन्ने कुरामा सरकार स्पष्ट थिएन । अगाडिका खण्डमा छलफल भएअनुसार, द्विविधा अझै पनि बाँकी छ, जसले गर्दा आर.पि.पि. कार्यान्वयनका धेरै महत्वपूर्ण कार्य अझसम्म सुरु नै हुन सकेका छैनन् । दाताहरु भने भइरहेका क्रियाकलापहरुले आर.पि.पि.मा योगदान गर्ने अडान लिइरहेका छन् । अन्योलको कारण क्षमता विकास, सरोकारवालाको सहभागिता र प्रचार-प्रसारसम्बन्धी क्रियाकलापहरु बढी प्रभावित भएका छन् ।

तेस्रो, रेडसेलमा जनशक्ति कम भएका कारण यसले आर.पि.पि. कार्यान्वयनमा आवश्यक नेतृत्वदायी भूमिका निर्वाह गर्न नसकिरहेको अवस्था छ । रेडसेलमा हाल प्रमुख सहित जम्मा पाँच कर्मचारी छन् (प्रमुखले रेडसेलका अलावा वन विभागअन्तर्गत सामुदायिक वन डिभिजनको पनि नेतृत्व गरिरहेका छन्) । कर्मचारी अन्य विभागबाट आउने भएकाले उनीहरुको सरुवा छिट्टै हुने गरेको छ । रेडसेलका एकजना कर्मचारीको भनाइअनुसार “रेडसेलमा कार्यरत जनशक्ति बर्तमान जिम्मेवारीका हिसावले एकदमै कम हो । यसमा पनि रेडप्लस कर्मचारीका लागि नयाँ विषय भएकाले उनीहरुको कार्यसम्पादन क्षमता पनि कम हुने गरेको छ । यस विषयमा उनीहरुलाई जानकार वनाउन समय लाग्ने गरेको छ । यसरी रेडसेल तयारी कार्यान्वयनको संस्थागत संरचनाका कारण आर.पि.पि. कार्यान्वयनले सोचेको जस्तो गति लिन सकिरहेको छैन ।

नेपालमा रेडप्लसको तयारी आर.पि.पि.को कार्यान्वयनमा मात्र सीमित छैन । उक्त संरचना बाहिर पनि गैरसरकारी संस्थाले विभिन्न कार्यक्रमहरु गरिरहेका छन् र त्यस्ता क्रियाकलापले आर.पि.पि.मा उल्लेख गरिएका क्रियाकलापमा योगदान पुर्‍याई समग्रमा देशलाई रेडप्लसका लागि तयार गर्ने कार्यमा सहयोगी भूमिका खेल्दछन् । अर्को परिच्छेदमा आर.पि.पि. संरचना बाहिरका क्रियाकलापको विवरण प्रस्तुत गरी तिनीहरुले नेपालको रेडप्लस तयारी प्रक्रियामा कसरी योगदान गरिरहेका छन् भन्ने चर्चा गरिएको छ ।

## आर.पि.पि. भन्दा बाहिरका क्रियाकलापमा समन्वयको कमी

आर.पि.पि.को संरचनाबाहिर पनि विभिन्न परियोजना मार्फत विविध क्रियाकलाप सञ्चालित छन् । जसमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं राष्ट्रिय गैरसरकारी संस्थाका तथा नागरिक सञ्जालहरुको संलग्नता रहेको छ । तालिका नं. ३ मा आर.पि.पि.को संरचना बाहिरका केही महत्वपूर्ण क्रियाकलापहरुलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं ३: आर.पि.पि. बाहिरका रेडप्लस सम्बन्धी बिभिन्न क्रियाकलापहरुको विवरण**

| परियोजनाका नाम | संस्था | मुख्य क्षेत्र |
|---|---|---|
| नेपालको सामुदायिक वनमा रेडप्लसको भुक्तानी प्रणालीको परीक्षण (२००९-२०१३) | इसिमोड, फेकोफन र एनसाब | वनको कार्बन मापन गर्ने, परीक्षणको रुपमा Forest Carbon Trust Fund को संरचना बनाउने, तीनवटा जलाधार क्षेत्रमा कार्बन कोषको वितरण गर्ने, समुदाय एवं साझेदारको क्षमता अभिवृद्धि गर्ने र सामुदायिक वनका लागि उपराष्ट्रिय स्तरमा रेडप्लसको अनुगमन प्रतिवेदन र प्रमाणीकरण संरचना विकास गर्ने |
| एसिया-प्यासिफिक क्षेत्रमा रेडप्लसका लागि स्थानीय क्षमताको विकास गर्ने (२००९-२०१३) | रिकफ्ट, फेकोफन, हिमवन्ती र फरेष्टएक्सन | स्थानीय तथा राष्ट्रियस्तरमा सहजकर्ताहरु विकास गर्ने, जिल्लास्थित सरोकारवाला एवं स्थानीय समुदायबीच रेडप्लसको अवधारणा एवं यसका सवालमा जनचेतनाको विकास गर्ने, तालिम पुस्तिका एवं अन्य अध्ययन सामाग्री तयार पार्ने |
| जलवायु परिवर्तनमा साझेदारी कार्यक्रम | आदिवासी जनजाति महासंघ नेपाल | जलवायु परिवर्तन एवं रेडप्लसको परिक्षण गर्ने, जनजातिमाझ जलवायु परिवर्तन र रेडबारे जनचेतना अभिवृद्धि गर्ने, रेडप्लसमा जनजाति समस्या बारे पैरवी तथा वकालत गर्ने । |
| नेपालको गरिबी न्यूनीकरणमा रेडप्लस (२००९- २०१०) | विश्व वन्यजन्तु कोष र विनरक (WINROCK) नेपाल | कार्बन मापन गर्ने र साझेदार संस्थांको क्षमता अभिवृद्धि गर्ने |
| नेपालको वन स्रोत सर्वेक्षण | फिनल्यान्ड सरकारको सहयोगमा परियोजना | वनसँग सम्बन्धित तथ्यांक संकलन गर्ने, वनसम्बन्धी राष्ट्रिय डाटा सेन्टर स्थापना गर्ने एवं वन अनुसन्धान तथा सर्भे विभागको क्षमता विकास गर्ने |
| हरियो वन परियोजना | विश्व वन्यजन्तु कोष, केयर नेपाल, राष्ट्रिय प्रकृति संरक्षण कोष एवं सामुदायिक वन उपभोक्ता महासंघ नेपाल | भूपरिधि स्तर (Landscape Level) मा रेडप्लस को परीक्षण गर्ने, रेडप्लस रणनीतिको निर्माणमा सरकारलाई सहयोग गर्ने एवं उप-राष्ट्रिय तहमा लाभांश बाडँफाँटको संयन्त्र विकास गर्ने |
| वहुसरोकारवाला वन कार्यक्रम | डिफिड, एस.डि.सि. एवं फिनल्यान्ड सरकारबाट सहयोग प्राप्त परियोजना, जुन नेपाल सरकार र विभिन्न गैरसरकारी संस्थाहरुद्धारा कार्यान्वयन गरिदै | आर.पि.पि.को प्रगति समीक्षा गर्ने, रेडसेललाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने आदि |

*स्रोत: वन तथा भु-संरक्षण मन्त्रालय २०११, केहि नयाँ जानकारीका साथ*

तालिका नं. ३ ले आर.पि.पिको संरचनाबाहिर भएका विभिन्न क्रियाकलापको चित्रण गरेको छ । यीमध्ये धेरै क्रियाकलापले सिधै रेड तयारीमा सहयोग गरिरहेका छन् । उदाहरणका लागि RECOFTC को नेतृत्वमा भइरहेको स्थानीय क्षमता विकास (Grassroots Capacity Development) परियोजनाले सञ्चालन गर्ने क्रियाकलापहरु आर.पि.पि. को १ख बुँदाको योजनामा (सरोकारवालाको सहभागिता तथा प्रचार-प्रसार) मा सिधै सहयोग पुऱ्याइरहेको छ । आदिवासी जनजाति महासंघ नेपाल तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालले पनि विभिन्न कार्यक्रमहरुद्धारा स्थानीय समाज तथा जनजातिको जनचेतना बढाउने तथा क्षमता अभिवृद्धि गर्ने कार्यमा योगदान पुऱ्याइरहेका छन् । यसैगरी इसिमोडको नेतृत्वमा सञ्चालन भई हाल समापन भएको सामुदायिक वनमा रेडप्लसको परीक्षण कार्यक्रम र हरियो वन परियोजनाअन्तर्गत सञ्चालन भइरहेको रेडको भूपरिधिस्तरमा परीक्षण कार्यक्रमबाट रेडप्लस कार्यान्वयनको ढाँचा एवं लाभांश बाँडफाँट प्रक्रियामा महत्वपूर्ण सिकाइलाई लिन सकिन्छ । यसका साथसाथै, विभिन्न संघ संस्थाका प्रकाशन जस्तैः अध्ययन प्रतिवेदन, पुस्तिका, नीति बहस पत्र एवं मार्गदर्शनले रेडकाबारेमा जनमानसमा जानकारी प्रदान गर्न सहयोग गरिरहेको छ ।

यद्यपि, आर.पि.पि को संरचनाबाहिर भएका यस्ता क्रियाकलापहरुले नेपालको रेडप्लस तयारी प्रक्रियामा के कसरी योगदान पुऱ्याइरहेको छ भन्ने कुराको राम्रो लेखाजोखा हुन नै सकिरहेको छैन । पहिलो, धेरैजसो यस्ता क्रियाकलापहरु परियोजनाको साँघुरो घेरामा सीमित छन् र यिनीहरुमा सरकारले लिएको लक्ष्य तथा तयार गरेको योजना कार्यान्वयनमा सहयोग गर्न लचकता कम हुन्छ । जस्तै, इसिमोडले नेतृत्व गरेको परीक्षण परियोजनाले Forest Carbon Trust Fund को सुरुवात गरेको थियो । सामुदायिक वनमा रेडप्लसको लाभाँश बाँडफाँटका विषयमा केही महत्वपूर्ण र चाखलाग्दा तथ्य बाहिर ल्याएको थियो । तर, उक्त परियोजना सामुदायिक वनमा सीमित भएकोले त्यसले राष्ट्रिय REDD+ Financing Machanism लाई यथेष्ट सिकाइ प्रदान गर्न भने सकेन (Khatri *et al.* २०१३) । दोस्रो, धेरैजसो क्रियाकलापहरु सीमित भौगोलिक क्षेत्र तथा सवालमा केन्द्रित छन्, जसले रेडप्लसको राष्ट्रिय परिवेशमा कम सान्दर्भिक हुन्छन् । जस्तै केही जलाधार क्षेत्रलाई आधार मानेर सामुदायिक वनमा रेडको भुक्तानी पद्धति निर्माण गर्ने ढाँचाले रेडको राष्टिय स्तरमा लाभ बाँडफाट गर्ने संयन्त्र निर्माणमा यथेष्ट सिकाइ दिन सकेन । यी परियोजनाहरु रेडप्लस कार्यान्वयनका राष्ट्रिय ढाँचा निर्माणभन्दा निश्चित परिणाम निकाल्नका लागि मात्र डिजाइन गरिएका हुन् ।

अर्कोतर्फ, विशेषगरी एफ.सि.पि.एफ.को सहयोग अन्तर्गत भएका अध्ययन सरोकारवाला एवं धेरैभन्दा धेरै सर्वसाधारणबीच छलफल एवं बहसमा ल्याउन सकिएको छैन । यसले गर्दा नागरिक संगठन तथा स्थानीय समुदायका प्रतिनिधिले रेडप्लसका महत्वपूर्ण बहसमा सोचे जति प्रभावकारी रुपमा योगदान पुऱ्याउन नसकिरहेको अवस्था छ ।

## ढिलासुस्तीले रेडप्लसको तयारी प्रक्रियामा कस्तो असर गर्न सक्ला ?

माथि प्रस्तुत तथ्यांक अनुसार, नेपालका रेडप्लससम्बन्धी विभिन्न कार्यक्रम तथा नमुना आयोजनाहरु सञ्चालन भएता पनि, रेडप्लस तयारी प्रक्रियालाई आर.पि.पि कार्यान्वयनको साँघुरो घेराबाट परिभाषित गर्ने गरिएको छ । आर.पि.पि ढाँचाभन्दा बाहिर सञ्चालन भइरहेका विभिन्न क्रियाकलापलाई रेडप्लस तयारीको फराकिलो ढाँचाभित्र समावेश गराउने संयन्त्रको खाँचो देखिन्छ । माथि भनिएझैं रेडसेलसँग ठोस अवधारणा तथा विधि प्रक्रियाको कमी भएकाले यस्ता नमुना योजना तथा क्रियाकलापका महत्वपूर्ण सिकाइलाई रेडका तयारी प्रक्रियामा गोलबद्ध गर्न सकिएको छैन । यस्तो ढिलाइ र अस्पष्टताले नेपालमा रेडप्लस कार्यान्वयनमा सकारात्मक र नकारात्मक दुवै खाले असर पर्ने देखिन्छ । यद्यपि, यस अध्यायको विश्लेषणको केन्द्रविन्दु विशेषत आर.पि.पि. कार्यान्वयनमा भएको ढिलाइले रेडप्लस प्रक्रियामा प्राविधिक कर्मचारीतन्त्र हावी भई समग्र सरोकारवालाको अर्थपूर्ण सहभागितामा असर पर्ने कुरामा रहेको छ ।

पहिलो, आर.पि.पि कार्यान्वयनमा भएको ढिलाइले सरोकारवाला बीच रेडप्लस प्रक्रियामा योगदान गर्ने जोश र जाँगरमा कमी ल्याएको छ। चित्र नं. १ मा देखाएझैं आर.पि.पि. तयार भई विश्व बैंकलाई बुझाए पश्चात राष्ट्रियस्तरमा रेडप्लससम्बन्धी बहस पातलो हुँदै गएको छ। विभिन्न गैरसरकारी संस्था तथा नागरिक

समाजले रेडप्लससम्बन्धी निर्णायक संयन्त्रहरु जस्तैः रेड कार्य समूह र रेडको राष्ट्रिय रणनीति विकास कार्यदलमा आफ्नो प्रतिनिधित्व नभएकोमा गुनासो पोखिरहेका छन् । यद्यपि, महत्वपुर्ण विषय जस्तै रेडको लाभांश बाँडफाँडको संयन्त्र, रेडप्लस कार्यान्वयनको ढाँचा जस्ता विषयहरुमा बहस एकदम कम हुने गरेको छ । रेडप्लस सरोकार केन्द्रका सदस्य तथा रेडप्लस आदिवासी-जनजाति तथा नागरिक समाज सन्जालले स्पष्ट रुपमा नेपालको रेडप्लसको तयारी प्रक्रियामा दातृ निकाय, सरकार तथा परामर्शदातामा बढी हावी भएको र समग्र सरोकारवालाको अर्थपूर्ण सहभागिता हुन नसकेकोतर्फ औंल्याइरहेका छन् । त्यसैले, जुन २०१३ को आदिवासी जनजाति तथा नागरिक समाज सन्जाल बैठकमा, धेरै जसो सदस्यहरुले आफूहरु आयोजनामा केन्द्रित भएको र रेडप्लसका महत्वपूर्ण विषयको बृहत बहसमा प्रभावकारी भूमिका खेल्न नसकेको कुरा स्वीकार गरेका छन् । अफ्र नागरिक समाजले राष्ट्रिय नीति निर्माण प्रक्रियाजस्तै रेडप्लस रणनीतिमा खासै ठोस सुझाव दिन नसकिरहेको अवस्था छ । समग्रमा रेडप्लस प्रक्रियामा उनीहरुको उत्साह घट्दै गएको देख्न सकिन्छ ।

यस्तो खस्कँदो उत्साह र सहभागिताले राष्ट्रिय रेड तयारी प्रक्रियामा नै असर पार्नुका साथै भविष्यमा रेडप्लस कार्यान्वयनमा समेत असर पार्न सक्छ । सरोकारवालाको घट्दो चाखले राष्ट्रिय सहभागितामा कमी ल्याउँछ । नागरिक आवाजलाई कमजोर बनाउँछ । समग्र प्रक्रियामा कर्मचारीतन्त्र अफ्र हावी हुन सक्दछ । यसले गर्दा नेपालमा विकेन्द्रीकृत वन व्यवस्थापनलाई रेडले सहयोग गर्नुको साटो Phelps *et al.* (2010) ले तर्क गरे झैं केन्द्रीकृत पद्धतिलाई प्रोत्साहन गर्न सक्दछ (Khatri *et al.* 2012 ) ।

दोस्रो, आर.पि.पि कार्यान्वयन प्रक्रिया ढिलो हुनाले रेड कार्यान्वयन ढाँचामानै द्विविधा सिर्जना गरेको छ । सरोकारवालाको सहभागिता तथा प्रचार-प्रसारसम्बन्धी क्रियाकलापहरु अहिलेसम्म पनि सुरु भएको छैन । स्थानीय सरोकारवालाको दैनिक जीवनमा रेडप्लसले पार्न सक्ने असरसम्बन्धी जान्ने अवसरबाट समेत बञ्चित भएका छन् । सचेतनाको कमीले रेड कार्यक्रममा सहभागी भई आफू अनुकूल बनाउने उनीहरुको प्रयत्नमा पनि कमी आउँछ ।

## निष्कर्ष

आर.पि.पि कार्यान्वयन योजनामुताविक हुन नसकेको कुरा प्रस्तुत जानकारी तथा विश्लेषणले छर्लंग पारेको छ । अहिलेसम्म आधाभन्दा कम क्रियाकलापहरु मात्र सम्पन्न भएका छन् । छलफल, संचार एवं सरोकारवालाको जनचेतनासँग सम्बन्धित क्रियाकलापहरु अझै सुरु हुन सकेको छैन । यस्तो विलम्ब हुनुका पछाडि विभिन्न कारण जिम्मेवार छन् । जस्तैः नेपाल सरकार एवं विश्व बैंकको दोहोरो कर्मचारीतन्त्र, रेडसेलको सीमित क्षमता, एफ.सि.पि.एफ. सहयोगको दायराबाहिरका क्रियाकलापहरुलाई कार्यान्वयन गर्न नसक्नु आदि । खण्ड ४ मा प्रस्तुत गरिएजस्तै, रेडप्लससम्बन्धी विभिन्न क्रियाकलापहरु आर.पि.पिको संरचना बाहिर सञ्चालन भइरहेका छन् । तर, ती क्रियाकलापहरुले रेडप्लस तयारी प्रक्रियामा के कसरी योगदान पुऱ्याएका छन् भन्ने कुराको लेखाजोखा हुन सकेको छैन । यस लेखमा रेडप्लस तयारी प्रक्रियामा भएको ढिलाइका कारणले गर्दा नेपालमा रेडप्लस कार्यान्वयनमा हुने प्रमुख तीन असर बारे बहस गरिएको छ ।

पहिलो, आर.पि.पि कार्यान्वयन गर्ने समयमा सरोकारवालाबीच उत्साह र जाँगरमा कमी । दोस्रो, सरोकारवालाको जनचेतना एवं संचारसँग सम्बन्धित कार्यहरु सञ्चालन हुन नसकेको कारणले रेडप्लस प्रक्रियामा उनीहरुको अर्थपूर्ण सहभागिता र योगदानमा कमी आएको छ । तेस्रो, राष्ट्रिय रणनीति निर्माण हुन नसक्दा रेडप्लस कार्यान्वयन संरचनाको खाका प्रस्ट हुन सकेको छैन । उप-राष्ट्रिय परियोजनाको सुरुवात एवं लागू हुने प्रक्रियामा पनि यसले असर पारिरहेको छ ।

सरोकारवालाबीच रेडप्लस र यससँग सम्बन्धित विविध सवालको पर्याप्त जानकारी नहुँदा उनीहरुको रेडप्लस तयारी प्रक्रियामा उत्साह र योगदानमा कमी आइरहेको छ । यसले रेडप्लसको राष्ट्रिय नीति निर्माण र कार्यान्वयनमा गहिरो असर पार्ने देखिन्छ । यस्तो अवस्थाले स्थानीय समुदाय एवं सरोकारवालाको रेडप्लस प्रक्रिया एवं नीतिगत बहस/छलफलमा अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्दैन । प्राविधिक कर्मचारीतन्त्र हावी भई रेडप्लस प्रक्रियामा नागरिक आवाजलाई कमजोर बनाउँछ । नेपालमा रेडप्लस भई वन क्षेत्रको सुशासन

तथा वनमा आधारित समुदायहरुको जीविकामा सहयोग पुऱ्याउने आशा सरोकारवालाले गरेका थिए । यही कारणले उनीहरुको उत्साहपूर्ण सहभागिता भएको थियो । तर, रेडप्लसको तयारी प्रक्रियामा भएको ढिलाइले सरोकारवाला निराश हुँदै गएका छन् ।

## सन्दर्भ सामग्री

**Dangi, R.** 2013. Progress Update on REDD+ Readiness. A presentation delivered in REDD+ Stakeholder Forum meeting held in 18 June 2013 in Kathmandu.

**Khatri, D.B.** 2012. Is REDD+ Redefining Forest Governance in Nepal? *Journal of Forest and Livelihood.* **10**(1): 74-87.

**Khatri, D.B.; Paudel, N.S.; Bista, R. and Bhandari, K.** 2013. REDD+ Financing: What can we learn from the piloting of Forest Carbon Trust Fund in Nepal? Kathmandu: ForestAction Nepal.

**Kotru, R.** 2008. Nepal's National REDD Framework: How to Start? *Journal of Forest and Livelihood,* **8**(1): 52-56.

**MFSC. 2011**. Study on REDD Plus Piloting in Nepal. Ministry of Forest and Soil Conservation, Government of Nepal.

**Phelps, J., Webb, E.L. and Agrawal, A.** 2010. Does REDD + Threaten to Recentralize Forest Governance? *Science,* **328**: 312-313.

**Reed, M.S.** 2008. Stakeholder Participation for Environmental Management: A Literature Review. *Biological Conservation,* **141**: 2417-2431.

**Springate-Baginski, O. and Wollenberg, E.** 2010. REDD, Forest Governance and Rural Livelihoods: the Emerging Agenda. CIFOR, Bogor, Indonesia.